प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

## बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि विषय विज्ञहरूको रोष्टर अध्यावधिक गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८३।०३।१६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्वारा शैक्षिक सत्र २०८३/०८४ मा संचालन हुने डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका विभिन्न कार्यकमहरूको वाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कन कार्यका लागि **परीक्षा सम्बन्धी विनियमावली २०८३ को परिच्छेद ३ को विनियम ९ को उपविनियम (११) बमोजिम** विषय विज्ञहरूको आवश्यकता पर्ने हुनाले यस परिषद् अन्तर्गतका आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) तथा निजी शिक्षण संस्थाहरूमा सम्बन्धित विषयको शिक्षण प्रशिक्षणमा अनुभव भएका विषय विज्ञहरूले यस कार्यालयको वेवसाइट www.ctevtkarnali.org.np तथा www.ctevtexam.org.np मा उपलब्ध निर्धारित ढाँचाको निवेदन फाराम भरी, आवश्यक कागजातहरू (स्वयंले प्रमाणित गरेको प्रतिलिपि) संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र भौतिक रूपमा उपस्थित भई वा कार्यालयको ई-मेल ठेगाना exam.kctevt@gmail.com मा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरू

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि

३. CTEVT अन्तर्गतका शिक्षण संस्थामा शिक्षण/प्रशिक्षण कार्यको अनुभव पत्र

४. पेशागत दर्ता (Council Registration) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

निर्देशक

निर्देशक

श्रीमान निर्देशक ज्यू,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
कर्णाली प्रदेश, प्रदेश कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

मिति :-

विषयः वाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि विषय विज्ञको रोष्टरमा नाम अध्यावधिक गरिपाऊ बारे ।

महोदय,

उपर्युक्त विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्वारा संचालन हुने डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका विभिन्न विभिन्न कार्यक्रमहरूको बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कन कार्यमा संलग्न हुन म इच्छुक रहेको हुँदा परिषद्को परीक्षा सम्बन्धी विनियमावली २०८३ को परिच्छेद ३ को विनियम ९ को उपविनियम (११) बमोजिम र अन्य प्रचलित कानुन बमोजिम मूल्याङ्कन कार्यको गोपनियता पुर्णरूपमा सुरक्षित गर्दै सोको मर्यादामा कुनै किसिमको आंच नआउने गरी कार्य गर्ने प्रतिवद्धता सहित कबुलियतनामा सहित देहाय बमोजिमका आवश्यक कागजातहरू संलग्न राखि विषय विज्ञको रोष्टरमा नाम अध्यावधिक गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरू

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि
३. CTEVT अन्तर्गतका शिक्षण संस्थाहरूमा शिक्षण/प्रशिक्षण कार्यको अनुभव पत्र
४. पेशागत दर्ता (Council Registration) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि उपर्युक्त विषयमा यस
५. अन्य ..............................................

| विषय विज्ञको शैक्षिक योग्यता | प्रयोगात्मक परीक्षाको मूल्याङ्कन गर्न चाहेको विवरण | |
|---|---|---|
| | कार्यक्रम | विषय |
| | | |
| | | |
| | | |
| | | |

<u>निवेदक</u>

नाम थरः
स्थायी ठेगाना :
मोबाईल नंम्बरः
कार्यरत शिक्षण संस्थाः
बैंकको नाम र खाता नंः
स्थायी लेखा नं.
दस्तखत :